नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९
४२११२८७
४२११४८७
४२११२९०
४२११०९५
४२११६५३
४२११२८५
४२११२९६
४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

आज मिति २०८१ भाद्र १८ गते माननीय रक्षा मन्त्री श्री मानवीर राईको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, नेपाली सेना र सो अन्तर्गत विभिन्न निकायबाट आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो।

समीक्षा बैठकमा निर्देशन मन्तव्य राख्नुहुँदै माननीय मन्त्री श्री मानवीर राईले देशको रक्षा, प्रतिरक्षा तथा नागरिकहरूको सेवा नै रक्षा मन्त्रालयको प्रमुख जिम्मेवारी भएको हुँदा यी विषयलाई उच्च प्राथमिकतामा राखी काम गर्न आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो। उहाँले गत आ.व.मा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश आयोजना तथा कार्यक्रमहरूको प्रगति उल्लेखनीय रहेको कुरा बताउनुभयो। उहाँले नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माण आयोजना तथा अन्य राष्ट्रिय करिडोरहरूको निर्माण कार्यलाई निर्धारित समयभित्रै सम्पन्न गर्न सके यसले मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउनुका साथै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न समेत सहयोग पुग्ने हुँदा सम्बन्धित सबैलाई यी आयोजनाहरूको कामलाई द्रुतताका साथ सम्पादन गर्न निर्देशन दिनुभयो। उहाँले विकास निर्माणका कार्यहरूमा अन्तर-निकाय समन्वय सुदृढ गरी मन्त्रालय अन्तर्गतका विकास आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीलाई सम्बोधन गर्दै निर्धारित लक्ष्य बमोजिम प्रगति हासिल गर्नेतर्फ क्रियाशील हुन सबैलाई आग्रह गर्नुभयो।

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. शिवराज अधिकारीले मन्त्रालय अन्तर्गतको पुँजीगत खर्चको प्रगति राम्रो रहेको बताउनुहुँदै आगामी दिनमा नेपाली सेनाको क्षमताको पूर्ण उपयोग हुनेगरी सडक पूर्वाधार निर्माणसम्बन्धी कार्यका लागि बजेट विनियोजन गर्न ध्यान दिइने कुरा बताउनुभयो। उहाँले काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग अन्तर्गत सिर्जना भएका रोजगारी, स्वीकृति प्राप्त भएर पनि कटान गर्नुनपरेका रुखहरू लगायतका विवरण समेत समावेश गरी आगामी समीक्षा बैठकमा प्रस्तुत गर्न सुझाव दिनुभयो। आयोजना कार्यान्वयनमा रहेका दोहोरोपना हटाउँदै समयमै काम सम्पन्न गरी विकास निर्माणका कार्यहरूमा लक्ष्य बमोजिमको प्रगति हासिल गर्न उहाँले जोड दिनुभयो।

रक्षा मन्त्रालयका सचिव श्री रामेश्वर दंगालले गत आर्थिक वर्षमा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश कार्यक्रम तथा विकास आयोजनाहरूको प्रगति सन्तोषजनक रहेको तथा पूँजीगत खर्च पनि उच्च रहेको

नेपाल सरकार
# रक्षा मन्त्रालय

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४

फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

बताउँदै मन्त्रालयको पूँजीगत खर्च गर्नेसक्ने क्षमतालाई दृष्टिगत गरी आगामी दिनमा बजेट विनियोजन हुनसके अहिलेभन्दा बढी प्रगति देखिने गरी काम गर्नसकिने कुरा व्यक्त गर्नुभयो। हाल नेपाली सेनालाई जिम्मेवारी दिइएका कतिपय सडक आयोजनाहरूमा न्यून बजेटको कारण नेपाली सेनाको जनशक्ति र उपकरणको क्षमताभन्दा कम उपयोग भइरहेकोले रणनैतिक महत्वका सडक तथा विकास आयोजनाहरूमा पर्याप्त बजेट व्यवस्था गरी नेपाली सेनाको क्षमता र उपकरणको पूर्ण उपयोग गर्न आवश्यक रहेको कुरा औंल्याउनुभयो। उहाँले काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न पर्याप्त मात्रामा बजेट विनियोजन गर्न आवश्यक रहेको तथा द्रुतमार्गको सुरु बिन्दु खोकना क्षेत्रको जग्गा अधिग्रहण र मुआब्जा वितरणसम्बन्धी समस्यालाई यथाशीघ्र सम्बन्धित सबैको सहयोगमा टुङ्ग्याउन आवश्यक रहेको कुरा समीक्षा बैठकमा राख्नुभयो।

बैठकमा नेपाली सेनाका कायम मुकायम प्रधान सेनापति श्री अशोकराज सिग्देलले नेपाली सेनालाई जिम्मेवारी दिइएको सडक पूर्वाधार निर्माण लगायतका कार्य समयमै सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको र नेपाली सेना अन्तर्गत निर्माणाधीन विभिन्न राष्ट्रिय सडक करिडोरहरूका लागि पर्याप्त बजेट विनियोजन हुनसके अहिलेभन्दा तीन गुणा बढीसम्म कार्य सम्पन्न गर्न सकिने कुरा बताउनुभयो।

कार्यक्रममा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरूका साथै नेपाली सेना अन्तर्गत विभिन्न विकास आयोजना प्रमुखहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा रक्षा मन्त्रालयका सहसचिव श्री ज्ञानप्रसाद ढकालले मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेना अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक तथा वार्षिक अवधिमा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रममा भएको प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्या लगायतका विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो। रक्षा मन्त्रालयका सहसचिव श्री मनोजकुमार आचार्यले कार्यक्रममा स्वागत मन्तव्य राख्नुभएको थियो।

बैठकमा गत आर्थिक वर्षमा मन्त्रालय र अन्तर्गत निकायलाई चालु र पूँजीगततर्फ गरी कुल रु. ५९ अर्ब ४६ करोड बजेट विनियोजन भएकोमा रु. ५९ अर्ब २३ करोड खर्च भई ९९.६१% वित्तीय प्रगति भएको जानकारी गराइएको थियो। जसमा पूँजीगततर्फ ९७% र चालुतर्फ ९९% प्रगति रहेको छ।

२०८१ भाद्र १८

(मनोजकुमार आचार्य)
सहसचिव एवं प्रवक्ता